आज मिति २०७८ साल जेष्ठ १८ गतेका दिन यस गेरुवा गाउँ-पालिकाका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको ६८ औं बैठक बसी तपशिलको उपस्थितिमा तपशिलका निर्णयहरु पारित गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री | जमान सिंह के.सी. | अध्यक्ष |
| ,, | हिमा कुमारी थारुनी | सदस्य |
| ,, | दयाराम वैद्य थारु | ,, |
| ,, | आलोक कुमार थारु | ,, |
| ,, | पुनाराम थारु | ,, |
| ,, | बल बहादुर चलाउने | ,, |
| ,, | धर्म प्रकाश थारु | ,, |
| ,, | अमित कुमार खड्का | ,, |
| ,, | चन्द्रकृपा कामी | ,, |
| ,, | शान्ति चौधरी | ,, |
| ,, | मोतिकला शर्मा पौडेल | ,, |
| ,, | राजु बहुवाल खत्री | ,, |
| ,, | बम बहादुर वि.के. | ,, |
| ,, | काशी प्रसाद पंगेनी | सचिव |

## अन्य उपस्थिति:

| | | |
|---|---|---|
| श्री | नारायण प्रसाद भण्डारी | जं.स्वा.नि. |
| ,, | तिर्थ बहादुर गिरि | शि.ले.प. |

Scanned with CamScanner

निर्णय नं.१ भारत बाट यस गाउँपालिकामा आउने व्यक्तिको संख्या बढ्दै गइरहेको र यस गाउँपालिकामा क्वारेन्टाइनको अवस्था संख्या थप्नुपर्ने अवस्था आइरहेकोले सुरक्षा चुनौती देखिएको हुँदा उक्त समस्या समाधान गर्न तत्काल इलाका प्रहरी कार्यालय पाताभार सँग समन्वय गरी ५ (पाँच) जना स्थानीय प्रहरी भर्ना गर्ने र निजलाई नेपाल सरकारको मापदण्ड बमोजिम न्यूनतम ज्याला भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२ कोरोना भाइरसको संक्रमण बढ्दै गइरहेको अवस्थामा अन्यत्र आउने व्यक्तिहरुको संख्या पनि बढ्दै गई हाल गाउँपालिका स्तर बाट सम्पूर्ण व्यक्तिहरुको व्यवस्थापन गर्न समस्या हुने हुँदा नेपालको अन्यत्र स्थानबाट यस गाउँपालिकामा आउने व्यक्तिहरुलाई समुदाय स्तरमा तथा घरमा क्वारेन्टाइनको व्यवस्था मिलाउन लगाई समुदाय तथा सम्बन्धित घरबार नै सम्पूर्ण व्यवस्थापन गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं.३ कोरोना भाइरसको संक्रमण बढ्दै गइरहेको अवस्थामा यस गाउँपालिकाका संक्रमित व्यक्तिहरुलाई उपचारको लागि यसै गाउँपालिका वडा नं. ५ स्थित सरस्वती आ.वि. जोखिपुर स्कुलमा कम्तीमा १० (दश) बेडको आइसोलेशन वार्ड स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.४ कोरोना भाइरसको संक्रमण बढ्दै गइरहेकोले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुको रु. एक लाख को ~~जीवन~~ कोरोना बीमा गर्ने निर्णय गरियो ।

निर्णय नं.५ यस गाउँपालिकामा स्थापना हुने आइसोलेशन वार्ड संचालनको लागि तपशिल बमोजिमको जनशक्ति तत्काल आवश्यक पर्ने भएकोले करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।

तपशिल

डाक्टर (MBBS) - १ जना
स्टाफ नर्स - २ जना
हेल्थ असिस्टेन्ट - २ जना